COLORADO
Department of Public Health & Environment

कोभिड-१९- ड्राफ्ट

बाहिरी मनोरञ्जनका लागि मार्गदर्शन

तल प्रदान गरिएको मार्गदर्शन ड्राफ्ट (पाण्डुलिपि) मार्गदर्शन हो जसलाई पृष्ठपोषण याचना गर्नका लागि पोस्ट गरिएको हो। यो मार्गदर्शन लागू भएको छैन।

कोलोराडोवासीहरूलाई पृष्ठपोषण यहाँ प्रदान गर्न जुन ३, १२ मध्यान्ह सम्मको समय छ।

बाहिरी मनोरञ्जन / बाहिरी मार्गदर्शक / भ्रमण/ आउटफिटरहरू

कुनै पनि किसिमको गैर-निर्देशित बाहिरी मनोरञ्जन १० जना सम्मको समूहमा गर्न सकिन्छ, र स्थानीय नीतिहरूको पालना गर्नु पर्ने हुन्छ।

गैर-निर्देशित उपकरण रेन्टलहरूले खुद्राबिक्री मार्गदर्शनहरूको पालना गर्नु पर्नेछ।

माछा मार्ने, हाइकिङ गर्ने, बाइक चलाउने, घोडचडी गर्ने, क्यानोइङ गर्ने, कायाकिङ गर्ने, उभिने प्याडल बोटिङ गर्ने, एटिभि भ्रमणहरू, र पहाड चढ्ने १० जनासम्मको समूहमा गर्न सहिन्छ, र स्थानीय नीतिहरूको पालना गर्नु पर्नेछ।

नदी आउफिटरहरू, ञ्याफ्टिङ; वा जीप भ्रमणहरू गर्न सकिन्छ यदि नाउ वा जीपहरूमा हुने पार्टीहरू घरपरिवारका सदस्यहरूमै सीमित रहन्छन्, र स्थानीय नीतिहरूको पालना गर्नु पर्नेछ।

विकसित गरिएका हट स्प्रिङहरूले बाहिरी पूलको मार्गदर्शन पालना गर्नु पर्नेछ।

सञ्चालकहरू	मनोरञ्जनकर्ताहरू
• दूरी कायम गर्न असुरक्षित हुने स्थितिमा बाहेक मनोरञ्जनकर्ताहरू र साथी कर्मचारीहरूबीच कम्तीमा ६ फिटको दूरी कायम गर्नुहोस्। • चढ्ने र उत्रने सञ्चालनहरू भएका बेला सबै समयमा अनुहारको आवरण लगाउनुहोस्। जहाँ सुरक्षित हुन्छ, भ्रमण सञ्चालनका बेला अनुहारको आवरण लगाउनुहोस्।	• सम्भव भएका बेला समुदायहरूबीच कोभिड-१९ को प्रसारण रोकथाम गर्नका लागि आफूले भ्रमण गर्ने समुदायहरूका किराना स्टोरहरू, ग्यास स्टेसनहरू आदिको प्रयोगबाट बच्नुहोस्। आफ्नो गृह समुदायमा खाद्य, पानी, ग्यास, र अन्य आवश्यक आपूर्ति

- कर्मचारीहरूका लागि दैनिक अनावृत्तीकरण, लक्षण र तापक्रम जाँच सञ्चालन गर्नुहोस् र लक्षणात्मक कर्मचारीहरूलाई सिडिपिएचइ लक्षण ट्र्याकर मा रेफर गर्नुहोस् (अतिरिक्त मार्गदर्शन)।
- कोभिड-१९ लक्षण भएको व्यक्तिसँग नजिकको सम्पर्कमा रहेको कर्मचारीले १४ दिनसम्म र परीक्षण नगराई काममा आउनुहुनेछैन।
- कोभिड-१९ लक्षण प्रदर्शित गर्ने कर्मचारीहरूले काममा आउनु हुनेछैन र परीक्षण गराउनु पर्नेछ।
- काममा हुँदा कोभिड-१९ का लक्षणहरू विकसित गर्ने कर्मचारीहरूले तुरुन्तै आफ्नो सुपरिवेक्षकलाई सूचीत गर्नु पर्नेछ र उनीहरूलाई अरूबाट अलग गरी, घर पठाउनु पर्नेछ, र राज्य वा कम्पनी सहयोग सेवाका लागि र परीक्षणका लागि रेफर गर्नु पर्नेछ।
- मञ्चन सञ्चालनहरू, जस्तै ग्राहक दर्ता र भ्रमण अन्त्यका सञ्चालनहरू, बाहिर सञ्चान गर्नुहोस् जहाँ भिन्न घरपरिवारका सदस्यहरू एकअर्काबाट कम्तीमा ६ फिटको दूरीमा रहन्छन्।
- सुविधाभित्र मानिसहरूको सङ्ख्या एक पटकमा १० भन्दा कममा सीमित पार्नुहोस्, जुन अधिकतम ५०% उपस्थितिमा होस्, र पार्टीहरूबीच ६ फिटको दूरी कायम रहोस्।
- पालना गरिने राम्रो सरसफाई र सुरक्षा उपायहरू रेखाङ्कित गरिएका सङ्केतहरू पोस्ट गर्नुहोस्। सङ्केतहरू सजिलैसँग बुझ्न सकिने ग्राफिक्समा र ग्राहकहरूले बुझ्ने भाषामा हुनु पर्नेछ। (सिडिसि उदाहरणहरू)
- ग्राहकहरूलाई उनीहरूलाई कहाँ हात धुने हो वा हाते स्यानिटाइजर प्रयोग गर्ने हो भनी निर्देशित गरेर हात धुनका लागि प्रोत्साहित गर्नुहोस्।
- साना वाहनहरू/क्राफ्ट (जीपहरू, राफ्ट) लाई एक वा दुई घरपरिवार एकाइमा सीमित राख्नुहोस्, जुन मार्गनिर्देशक सहित र १० जना व्यक्तिसम्म हुनु पर्नेछ। (एउटा घरपरिवार एकाइ एउटा परिवार वा समूह हो जो पहिलेदेखिनै सँगै बसेका छन् वा सँगै आइपुगेका छन्।)
- प्रायोगिक भएसम्म भ्रमणका बेला शारीरिक दूरी कायम र प्रोत्साहन गर्नुहोस्।
- ठूला वाहनहरू/क्राफ्टहरू (रेल, ठूला नाउ) ले विभिन्न घरपरिवारका धेरै सदस्यहरू सुरक्षित राख्नुहोस्।
- सबै समयमा अर्को घरपरिवारका सदस्यहरूसँग कम्तीमा ६ फिटको शारीरिक दूरी कायम राख्नुहोस्।
- दर्ता गर्दा, मञ्चन गर्दा, साझा वाहन भए क्रियाकलापमा जाँदा वा आउँदा एवम् भ्रमण अन्त्य गरि उत्रँदा अनुहार आवरण लगाउनुहोस्।
- भ्रमणमा जाँदा अनुहार आवरण लगाउने नलगाउने वा कस्तो किसिमको लगाउने भन्ने बारेमा कम्पनीको मार्गदर्शन पालना गर्नुहोस्। यात्रा गर्नुअघि स्थानीय नियमनहरू हेर्नुहोस्।
- हातको सरसफाई आपूर्तिहरू (जस्तै हाते स्यानिटाइजर) ल्याउनुहोस्।
- यदि तपाईं वा तपाईंको पार्टीको कोही बिरामी भए, घरमै बस्नुहोस् र अन्तिम लक्षणहरू देखिएको कम्तीमा १४ दिन पछि आफ्नो भ्रमण पुनः बुक गर्नुहोस्।

समायोजन गर्न सक्दा, ती घरपरिवारहरूबीच उपयुक्त शारीरिक दूरी (कम्तीमा ६ फिट) रहने कुरा सुनिश्चित गर्नुहोस्। ● यातायात मार्गदर्शन (यात्रु बसहरू र भ्यानहरूलाई ५०% क्षमतामा सीमित राख्ने, वाहनहरू सफा गर्ने, चालकदेखि पछाडिको सिट प्रयोग गर्न नदिने) को पालना गर्नुहोस् वा मनरोञ्जकहरूलाई ट्रेलहेड्स वा गन्तव्यमा भेट्नुहोस्। ● मनोरञ्जनकर्ताहरूले प्रयोग गरेका सम्पूर्ण उपकरणहरूका साथसाथै अन्य मनोरञ्जनकर्ताहरूले प्रयोग गरेका उपकरणहरू प्रत्येक प्रयोगका बीचमा किटाणुनासन गर्नुहोस् (पेडलहरू, पि.एफ.डि.हरू, राफ्टहरू, जीप/बस/रेलका सिटहरू, स्याडलहरू, ह्यान्डलहरू/ह्यान्डलबारहरू सहित)। (सिडिसि मार्गदर्शन) ● हावा-बन्द वाहनहरू र भ्रमणहरूका लागि, भ्रमणका बेला प्याट्रनहरूलाई ओसारपसार गर्दा वाहनका झ्यालहरू सबै समयमा खुला राख्नु पर्नेछ, तुफानी मौसममा समेत (जबसम्म त्यो एउटा वाहनमा एउटा परिवार हुँदैन)। ● खाना तयारी गर्ने जस्ता सहायक सेवाहरू बन्द गर्नुहोस्, वा मान्छे-देखि-मान्छेको सम्पर्क तथा साझा वस्तुहरूसँगको सम्पर्क न्यूनीकरण गर्नका लागि अभ्यासहरू समायोजन गर्नुहोस्।	

ठूलो-स्केलका सुविधाहरूलाई स्थानीय स्वीकृति आवश्यक हुन्छ।

- दृश्यावलोकन रेलहरूले आफूले सञ्चालन गर्ने काउन्टीका स्थानीय सामुदायिक स्वास्थ्य एजेन्सीहरूलाई आफ्नो योजना बुझाउनु पर्नेछ। यदि सम्पूर्ण सान्दर्भिक काउन्टीहरूले स्वीकृत गरेका खण्डमा, उनीहरूले विभिन्न घरपरिवारका सदस्यहरूलाई कम्तीमा ६ फिटको दूरीमा बसाएर ५०% सम्मको क्षमतामा सञ्चालन गर्न सक्छन्, र उनीहरूले उपयुक्त स्यानिटेसन र न्यूनीकरण उपायहरूको यथास्थानमा अवलम्बन गर्नु पर्नेछ।
- स्की रिसोर्टहरूले बाहिरी मनोरञ्जनमा पहुँच प्रदान गर्नका लागि पहाडमा-गरिने र लिफ्ट/गोन्डोला सञ्चालन खुला गर्न सक्नेछन् (डाउनहिल माउन्टेन बाइकिङका लागि लिफ्टको पहुँच, लिफ्ट दृश्यावलोकन क्रियाकलापहरू, भित्ता चढ्ने, माउन्टेन कोस्टरहरू, रोप कोर्सहरू, एडभेन्चर पार्कहरू, जिप लाइनहरू आदि।) यदि उनीहरूले सुरक्षित सञ्चालनका लागि योजना विकसित गर्नेछन् र आफूले सञ्चालन गर्ने गरेको काउन्टीका स्थानीय सामुदायिक स्वास्थ्य एजेन्सीबाट स्वीकृति प्राप्त गर्छन् भने।

• जिपलाइन, रोप कोर्स, बाहिरी कृत्रिम भित्तो चढ्ने, वा एडभेन्चर केन्द्रका लागि स्ट्यान्ड-एलोन साइटहरूमा स्की रिसोर्टहरूसँग आबद्ध नभएका बाहिरी मनोरञ्जन क्रियाकलापहरू सञ्चालन हुन सक्नेछन् यदि उनीहरूले सुरक्षित सञ्चालनका लागि योजना विकसित गर्नेछन् र आफूले सञ्चालन गर्ने गरेको काउन्टीका स्थानीय सामुदायिक स्वास्थ्य एजेन्सीबाट स्वीकृति प्राप्त गर्छन् भने।
अतिरिक्त स्रोतहरू र मार्गदर्शनहरू covid19.colorado.gov/guidance-resources मा उपलब्ध छन्।